नगर कार्यपालिकाको
बैठक संख्या २५/२०७९-०८४
मिति २०८०।३।५ को
निर्णय प्रमाणित

बैठक संख्याः २५/२०७९-०८४

मिति २०८० साल असार ५ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

नगरकार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

क. तेह्रौ नगरसभामा पेश गर्न प्रस्ताव गरिएको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम माथी बुँदागत रुपमा छलफल गरियो। छलफलको क्रममा प्राप्त सुझावहरुलाई समेटी अन्तिम रुप दिई नगर सभामा पेश गर्ने।

ख. नगरपालिका अन्तर्गतका शाखा/ उपशाखा एवं वडाहरुबाट प्राप्त बजेट तथा कार्यक्रमहरुको बारेमा बुँदागत रुपमा छलफल गरियो । बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन एवं नेपाल सरकारको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र ब्याख्या, २०७४ को अनुकुल हुने गरी शाखा/ उपशाखा एवं वडाका बजेट तथा कार्यक्रममा आवश्यक संशोधन सहित वार्षिक आय तथा व्ययको विवरण सहितको विनियोजन विधेयक, २०८० नगर सभामा पेश गर्ने ।

ग. यस नगरपालिकाको राजस्व परामर्श समितिको सुझाव बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट पेश भएको आर्थिक विधेयक, २०८० को मस्यौदा माथि छलफल गरियो। छलफलमा उठेका सुझावहरुलाई समेटी आगामी नगर सभामा पेश गर्ने।

घ. यस नगरपालिकाको आ.ब. २०७९/०८० को लागि प्रस्तावित सार्वजनिक जानकारी वक्तव्य (बजेट वक्तव्य) नगर उप प्रमुखले नगरसभामा पेश गर्ने ।

निर्णय नं. ३

तेह्रौ नगरसभाको सभा सञ्चालनको तयारी सम्बन्धमा छलफल एवं जानकारी गराईयो । साथै सभाको पहिलो बैठक (२०८०/०३/०८) को कार्यसूचीलाई अन्तिम रुप दिइयो । सो सम्बन्धमा यस अघि सभासदहरुलाई प्रेषित सूचनामा छुट भएका लेखा समिति एवं न्यायिक समितिको प्रतिवेदन समेत पेश गर्ने ।

निर्णय नं. ४

ठेक्का सम्झौता भएका नगर गौरवका बहुबर्षिय योजनाहरु बाहेकका चालु आ.ब. २०७९/०८० मा उपभोक्ता समिति, कोटेशन एवं ठेक्का मार्फत सञ्चालनमा रहेका सम्पूर्ण

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २४।२०७९-०८०
मिति २०८०।३।५ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश

योजनाहरुको २०८०/०२/३२ सम्म म्याद रहेकोमा कतिपय योजनाहरुको कार्य सम्पन्न भईसकेको कतिपय अनुगमन एवं नापजाँच हुन समेत बाँकी रहेको हुँदा सो योजनाहरुको २०८० असार १५ गते सम्म म्याद थप गर्ने ।

निर्णय नं. ५

बिगतमा घरबहाल करका लागि निवेदन पेश गरी कर तिरिरहेका र बीचमा बहाल सम्झौता टुट भएको तर नगरपालिकाको सफ्टवेयर प्रणालीमा बहाल करको हिसाब बन्द, नभएकाहरुको लागी नगर कार्यपालिकाको कार्यालयमा ७(सात) दिनभित्र निवेदन पेश गर्न सूचना प्रकाशित गरिएकोमा निर्धारित समय अवधी भित्र कार्यालयमा पेश भएका निवेदनहरुका सम्बन्धमा राजस्व परामर्श समितिले आवश्यक छानबिन एवं अध्ययन गरी प्रतिवेदन सहित आगामी नगर सभामा पेश गर्ने ।

निर्णय नं. ६

कोहलपुर नगरपालिकाको २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १७२, सिट नं. ९ को भिजन कम्पिटिसन कार्यक्रममा प्रथमलाई रु.१,५०,०००।– (एक लाख पचास हजार), द्वितीयलाई रु.१,००,०००।– (एक लाख) र तृतीयलाई रु.५०,०००।– पुरस्कार राशी प्रदान गर्ने भनी उल्लेख भएकोमा यस कार्यालयद्वारा आयोजित भिजन कम्पिटिसन कार्यक्रमको मिति २०८०/०३/०४ गतेको नतिजा प्रकाशनको सूचना बमोजिम प्रथम र द्वितीय २-२ जना भएको हुँदा दामासाहीले वितरण गर्ने, निजहरुलाई प्रमाणपत्र उपलब्ध गराउने, निजहरुले सिफारिस गरेका नीतिहरु क्रमशः कार्यान्वयन गर्दै लैजाने एवं बील भरपाई बमोजिमको अन्य खर्च सम्बन्धित खर्च शीर्षकबाट भुक्तानी गर्ने ।

निर्णय नं. ७

कोहलपुर नगरपालिका वडा नं. ११ स्थित क्रिकेट मैदान निर्माणका लागी प्राबिधिक स्टिमेटमा माटो मात्र उल्लेख भएको तर क्रिकेट पिचका लागी रातो माटो नै प्रयोग गर्नुपर्ने भएकाले रातो माटो यस क्षेत्रमा उपलब्ध नभई दाङबाट ल्याउनुपर्ने भएकाले उक्त निर्माण कार्यमा प्रयोग हुने विशेष प्रकारको रातो माटोको ढुवानी खर्च वापत नगर एवं जिल्ला दररेट बमोजिमको प्राबिधिक बिल एवं अनुगमन समितिको सिफारिस बमोजिम राष्ट्रिय क्रिकेट प्रतियोगिता संचालन खर्च शीर्षकबाट कोहलपुर क्रिकेट मैदान उपभोक्ता समितिलाई रु.७०,०००।- रकम भूक्तानी दिने ।

निर्णय नं. ८

क. कोहलपुर नगरपालिका वडा नं. ५ का वडा सदस्य श्री सिता कुमारी नेपाली सरकारी कामको कार्य सम्पादनको सिलसिलामा वडास्तरीय योजनाको अनुगमन गर्न जाँदा

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या २४/२०८९-०८४
मिति २०८०/३/५ को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

सवारीसाधन दुर्घटनामा परी घाईते भई उपचार गराईरहेकाले निजको औषधी उपचारका लागी अन्य सामाजिक सहायता शीर्षकबाट रु.२५,०००।– आर्थिक सहायता उपलब्ध गराउने ।

ख. कोहलपुर नगरपालिका वडा नं. ४ निवासी साहुलाल थारुको श्रीमति अनारकली थारुलाई औषधी उपचारका लागी रु.१५,०००।- र कोहलपुर न.पा. २ निवासी रुपलाल खत्री लाई रु.२५,०००।- आर्थिक सहायता उपलब्ध गराउने ।

निर्णय नं. ९

कोहलपुर नगरपालिका वडा नं. ११ स्थित भ्यू टावरको राजस्व ठेक्का व्यवस्थापनका लागी सुझाव पेश गर्न गठित समितिको प्रतिवेदन बैठकमा पेश भई छलफल भयो । सो प्रतिवेदनबाट औल्याईएका सुझावहरुलाई समेटी भ्यू टावर सञ्चालन एवं व्यवस्थापनका लागी प्रति महिना न्यूनतम रु.२ लाख हुने गरी ठेक्का व्यवस्थापन गर्ने ।

निर्णय नं. १०

आ.ब. २०७९/०८० को शाखा एवं वडा सिलिङ्मा विनियोजित तपसिल बमोजिमका शाखा एवं वडा समितिबाट निर्णय भै आएका योजना/कार्यक्रम संशोधन एवं ब्रेकडाउन आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

| शिक्षा तथा खेलकुद शाखा | | | | |
|---|---|---|---|---|
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| १ | शैक्षिक हब निर्माणका लागी बृहत शिक्षा योजना निर्माण (सि.नं. २९४) | कक्षा १-३ को एकीकृत पाठ्यक्रम मूल्याङ्कन पुस्तिका छपाई तथा वितरण (सि.नं. २७६) | ५,००,०००।- | |
| वडा नं. ६ | | | | |
| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
| २ | वडा नं. ६ को मर्मत संभार तथा विविध खर्चबाट (सि.नं. १६६) | वडा नं. ६ को विभिन्न बाटोमा होमपाइप जडान तथा बाटो ग्राभेल मर्मत | १,००,०००।- | वडा समितिको मिति २०८०/०३/०१ को निर्णय |
| ३ | वडा नं. ६ को भैपरी आउने तथा लक्षित बर्ग कार्यक्रम (सि.नं. १५६) | वडा कार्यालयमा आल्मुनियम ढोका ट्रष्टमा फलामको बेन्च र धारा जडान | ८५,०००।- | वडा समितिको मिति २०८०/०१/११ को निर्णय |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत